# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, चैत्र २५ गते, २०७८ साल (अतिरिक्ताङ्क ४७

# भाग ३

## प्रदेश सरकार

## शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८।१२।२५ को निर्णयानुसार “प्रदेश युवा परिषद् विकास समिति (गठन) आदेश, २०७८” सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

## प्रदेश युवा परिषद् विकास समिति (गठन) आदेश, २०७८

**प्रस्तावनाः** प्रदेशमा युवाको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणका माध्यमबाट शिक्षा, सीप विकास, उद्यमशीलता तथा रोजगारी लगायतका कार्य तथा अवसरमा उचित प्रतिनिधित्व कायम गर्दै समृद्ध प्रदेश निर्माण तथा विकासका लागि युवासँग सम्बन्धित नीति निर्माणदेखि कार्यान्वयनका हरेक तहमा सार्थक सहभागिता मार्फत युवाको भूमिकालाई मूल प्रवाहमा समावेश गर्नका लागि विकास समिति ऐन, २०१३ को दफा ३क ले दिएको अधिकार प्रयोग गरी,

लुम्बिनी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "प्रदेश युवा परिषद् विकास समिति (गठन) आदेश, २०७८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिमको प्रदेश युवा समिति सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(च) "युवा" भन्नाले अठार वर्षदेखि चालीस वर्षसम्मको उमेर भएको जुनसुकै लिङ्गको नेपाली नागरिक सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को उपाध्यक्ष समेतलाई जनाउँछ।

३. <u>**समितिको स्थापनाः**</u> (१) प्रदेशमा युवाको हक हित संरक्षण, सम्बर्द्धन र सशक्तिकरण गर्नको लागि प्रदेश युवा परिषद् विकास समिति स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने समितिमा देहायका सदस्यहरु रहनेछन्-

(क) मन्त्री, मन्त्रालय — अध्यक्ष

(ख) अध्यक्षले नियुक्त गरेको व्यक्ति एकजना — उपाध्यक्ष

(ग) प्रदेश योजना आयोगको सदस्य (युवा सम्बन्धी विषय हेर्ने) — सदस्य

(घ) सचिव, प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालय — सदस्य

(ङ) सचिव, मन्त्रालय — सदस्य

(च) सचिव, प्रदेश सरकारको श्रम तथा रोजगार क्षेत्र हेर्ने मन्त्रालय — सदस्य

(छ) सचिव, प्रदेश सरकारको कानून क्षेत्र हेर्ने मन्त्रालय — सदस्य

(ज) सचिव, प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय सदस्य

(झ) सचिव, प्रदेश सरकारको कृषि तथा खाद्य सम्बन्धी क्षेत्र हेर्ने मन्त्रालय सदस्य

(ञ) समावेशी प्रतिनिधित्व कायम हुने गरी अध्यक्षले मनोनित गरेको दुई महिला सहित पाँचजना सदस्य

(ट) प्रमुख, मन्त्रालयको युवा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख सदस्य-सचिव

(२) समितिको सदस्यमा मनोनीत हुन देहायको योग्यता पूरा भएको हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) सोर्ह वर्ष उमेर पुरा भई चालीस वर्ष उमेर ननाघेको,

(घ) प्रचलित कानूनले अयोग्य नठहरिएको।

(ङ) उपाध्यक्षको हकमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(३) मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्ष र मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको भन्ने लागेमा अध्यक्षले जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ।

(५) समितिको मुख्य कार्यालय प्रदेशको राजधानी रहेको स्थानमा रहनेछ र त्यस्तो कार्यालय स्थापना नभएसम्म मन्त्रालयले तोकेको स्थानमा रहनेछ।

४. **सदस्यता समाप्त हुने अवस्था:** देहायको अवस्थामा समितिको उपाध्यक्ष र मनोनीत सदस्यको सदस्यता समाप्त भएको मानिनेछ:

(क) दफा ३ को उपदफा (२) बमोजिमको योग्यता नरहेमा,

(ख) आफ्नो पदबाट राजिनामा दिएमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारणसहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा।

५. **समितिको बैठक सम्बन्धी व्यवस्था:** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

तर दुई बैठक बीचको अन्तर सामान्यतया चार महिना भन्दा बढी हुने छैन।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छ।

(३) समितिको बैठक हुनुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्यलाई दिनुपर्नेछ।

(४) समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिमा मनोनित सदस्यहरुको मनोनयन नभएको अवस्थामा तत्काल कायम रहेका सदस्य मध्ये पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

(९) समितिको बैठकमा आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र समितिले गर्ने भनी उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको युवा सम्बन्धी नीति तर्जुमा गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) युवा सम्बन्धी नीतिको अधीनमा रही युवाका लागि योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(ग) सीप विकास, मनोरञ्जन, स्वयंमसेवा, नेतृत्व विकास, उद्यमशीलता, रोजगारी, विज्ञान, सूचना तथा प्रविधि, दीगो विकास र वातावरण संरक्षण लगायतका क्षेत्रमा युवा प्रवर्धनका लागि कार्यक्रम सञ्चालन गर्ने गराउने,

(घ) समितिसँग आवद्धता प्राप्त गर्ने संघ तथा संस्थाले पालना गर्नुपर्ने शर्तको निर्धारण गर्ने,

(ङ) समितिको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(च) युवाको क्षमता विकास, सशक्तीकरण एवम् मूल प्रवाहीकरण सम्बन्धि विषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(छ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयमंसेवाको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ज) युवालाई प्रदेशको सर्वाङ्गिण विकासमा केन्द्रीत भई अघि बढ्न उत्प्रेरित गर्ने गराउने,

(झ) युवाका क्षेत्रमा काम गर्ने संघ, संस्था तथा स्थानीय तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने,

(ञ) युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ट) विपद् व्यवस्थापनमा युवा शक्ति परिचालन गर्ने,

(ठ) स्वदेश तथा विदेशको कार्य अनुभवबाट युवाहरुले आर्जन गरेको प्राविधिक ज्ञान, सीप र अनुभवलाई प्रोत्साहन गर्ने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

७. **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** उपाध्यक्ष पुरा समय काम गर्ने पदाधिकारी हुनेछ र निजले प्रदेश सरकारको दशौं तहको अधिकृत सरह पारिश्रमिक र सेवा सुविधा पाउनेछ।यस आदेशमा अन्यत्र उपाध्यक्षले गर्ने भनी उल्लेख गरिए बाहेक उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिबाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) समितिको वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(ग) समिति तथा समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(घ) समितिबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने गराउने,

(ङ) समितिको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(च) समितिले तोकेको अन्य काम गर्ने।

**८. <u>कार्यकारी समितिको गठनः</u>** (१) समितिको कार्यकारी निकायको रुपमा काम गर्न देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-

(क) उपाध्यक्ष संयोजक

(ख) समितिका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनीत गरेका एक जना महिला सहित दुईजना सदस्य

(ग) मन्त्रालयको युवा शाखा हेर्ने शाखा प्रमुख सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमका मनोनित सदस्यको पदावधि समितिको सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ।

(३) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) कार्यकारी समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(५) कार्यकारी समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. **<u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार:</u>** कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) समितिबाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तीकरण सम्बन्धी प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ग) युवाका लागि स्वरोजगार प्रवर्धन तथा उद्यमशीलता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गराउने,

(घ) युवा विकास तथा युवा परिचालन सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ङ) युवालाई आत्मनिर्भर हुन सहयोग पुग्ने किसिमको कार्यक्रम सञ्चालन गर्ने गराउने,

(च) युवालाई नीति निर्माणदेखि कार्यान्वयन तह सम्म संलग्न गराउन पहल गर्ने,

(छ) समितिबाट सम्पादन गरिने कार्य मितव्ययी र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न तथा वित्तीय उत्तरदायित्व प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने,

(ज) युवा सम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने,

(झ) युवा सम्बन्धी संघ, संस्थाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ञ) युवा सम्बन्धी सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने।

**१०. <u>समितिको कोषः</u>** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) युवा सम्बन्धी संघ, संस्थालाई आबद्धता प्रदान गर्दा वा नवीकरण गर्दा प्राप्त रकम,

(ङ) समितिले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) समितिको नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) समितिको कोषमा रहने सम्पूर्ण रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विविध खातामा जम्मा गरिनेछ।

(६) समितिको कोषको खाता सञ्चालन परिषद्को उपाध्यक्ष र प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

११. **लेखा र लेखापरीक्षणः** (१) समितिले आफ्नो आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) समितिको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) मन्त्रालयले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरीक्षण गर्न वा गराउन लगाउन सक्नेछ।

१२. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) समितिलाई आवश्यक पर्ने कर्मचारीको नियुक्ति, सेवा, सुविधा तोकिए बमोजिम हुनेछ।

(२) समितिको सङ्गठन संरचना तथा दरवन्दी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम कर्मचारीको व्यवस्था नभएसम्म मन्त्रालयले समितिको समेत कामकाज गर्ने गरी मन्त्रालयका कर्मचारी खटाउन सक्नेछ।

१३. **सहभागी हुन नहुनेः** समितिको कुनै सदस्य वा पदाधिकारीले समितिको ठेक्कापट्टा लिन वा आफ्नो निजी स्वार्थ जोडिएको कुनै कार्यमा सहभागी हुनु हुँदैन।

१४. **<u>सुविधा तथा बैठक भत्ता:</u>** समितिका अध्यक्ष र उपाध्यक्ष र सदस्यले प्रचलित कानुनमा तोकिए बमोजिम  बैठक भत्ता र यातायात खर्च पाउनेछन्।

१५. **<u>वार्षिक प्रतिवेदन:</u>** (१) समितिले आफूले गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालयमार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) समितिले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धि एवम् गरेको अन्य काम कारबाहीको विवरण सर्वसाधारणको जानकारीको लागि तोकिए बमोजिम प्रकाशन गर्नु पर्नेछ।

१६. **<u>निर्देशन दिन सक्ने:</u>** (१) प्रदेश सरकारले समितिको काम कारबाहीको विषयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१७. **<u>शपथ:</u>** समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची–१ बमोजिमको ढाँचामा अध्यक्ष समक्ष शपथ लिनु पर्नेछ।

१८. **<u>सहयोग गर्नुपर्ने:</u>** समितिको काम कारबाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

१९. **<u>समितिको बिघटन:</u>** (१) समितिले यस आदेशको उद्देश्य बमोजिम काम गर्न नसकेमा प्रदेश सरकारले जुनसुकै बखत समिति विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा समितिको चल अचल सम्पत्ति प्रदेश सरकारको हुनेछ।

२०. **प्रदेश सरकारसँग सम्पर्कः** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

२१. **विनियम, निर्देशिका वा कार्यविधि बनाउने अधिकारः** (१) यो आदेशको अधीनमा रही समितिले आवश्यक विनियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले बनाएको विनियम, निर्देशिका वा कार्यविधि प्रदेश सरकारले स्वीकृति गरे पश्चात लागू हुनेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत हुने विनियम, निर्देशिका वा कार्यविधिबाट प्रदेश सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा मन्त्रालयले प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिनु पर्नेछ।

## अनुसूची

## (दफा २६ सँग सम्बन्धित)

## शपथ

म………… (शपथ लिने व्यक्तिको नाम) मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/देश र जनताका नाममा शपथ लिन्छु कि प्रदेश युवा समितिको…………………पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझेसम्म कर्तव्य सम्झी देश तथा समिति प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

| | |
|---|---|
| शपथ ग्रहण गर्नेको | शपथ |
| ग्रहण गरेको प्रमाणित गराउनेको | |
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| पदः | पदः |

कार्यालयः

**आज्ञाले,**

**कृष्ण प्रसाद पन्थ**

**सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय